नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ १६ गते २०२६ साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

सरकारी कर्मचारीको कार्यतत्परता र दक्षता बढोस् भन्ने उद्देश्यले कर्मचारी संचय कोष ऐन, २०१९ बमोजिम कर्मचारीको मासिक तलवबाट कट्टा गराई संचय कोषमा जम्मा गरेको रकमको शत प्रतिशतका दरले श्री ५ को सरकारले पनि यही २०२६ साल श्रावण १ गतेदेखि थपिदिने र कर्मचारीले सेवाबाट अवकास प्राप्त गरेपछि सो थप रकम समेत लिन पाउने गरी मिति ०२६।३।१६ मा श्री ५ को सरकारले निर्णय गरेको छ।

खण्ड १८, अतिरिक्ताङ्क १०, मिति २०२५ आषाढ २२ गतेको नेपाल राजपत्र भाग ४ मा प्रकाशित संचय कोष कट्टि रकममा थप दिने बारेको सूचना २०२६ आषाढ मसान्त पछिको लागि खारेज गरेको छ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

श्री ५ को सरकारबाट अहिले सम्म मासिक रू. ३० भन्दा कम हुने गरी निवृत्त भरण पाई रहेका र अब उप्रान्तलाई पनि सो रकम भन्दा कम हुने गरी निवृत्त भरण पाउने निजामति, सैनिक र प्रहरी लगायत सबै सेवाका निवृत्तभरणवालाहरूलाई २०२६ श्रावण १ गतेदेखि मासिक रू. ३० (तीस) पुऱ्याई दिनेगरी श्री ५ को सरकारले मिति ०२६।३।१६ मा निवृत्तभरणको न्यूनतम अंक मासिक रू. ३० कायम गर्ने निर्णय गरेको छ ।

निवृत्तभरण दिने र प्रतिबेदन पास गर्ने सबै अड्डा कार्यालय र विभागहरूले यसै सूचनालाई अर्थ मन्त्रालयको आदेश मानी निवृत्तभरण दिने दिलाउने गर्नुपर्छ ।

आज्ञाले–
भेषबहादुर थाप
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

माननीय अर्थ मन्त्री श्री कीर्तिनिधि विष्टले २०२६ साल आषाढ १६ गते रोज २ का दिन दिनुभएको आर्थिक वर्ष २०२६।२७ को बजेट वक्तव्य सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

माननीय अध्यक्ष महोदय,

चालु वर्षको आर्थिक गतिविधिको पृष्ठभूमिमा आगामी वर्षको बजेट पेश गरिने हुँदा छोटकरीमा देशमा हाल विद्यमान आर्थिक स्थितिको विवरण पेश गर्न चाहन्छु । विस्तृत जानकारीको निमित्त आर्थिक सर्भेक्षण सबै माननीय सदस्यहरूमा वितरण गरिएको छ र साथै आगामी वर्षको बजेट "कार्यक्रम नियोजन" प्रणालीमा आधारित हुनाले स्वतः त्यसमा बढी व्याख्याहरू समेत पाइनेछन् ।

चालु वर्ष आर्थिक दृष्टिकोणबाट सन्तोषप्रद छ भन्न सकिन्छ । विगत केही वर्षहरूमा आर्थिक क्षेत्रमा देखा परेका अस्थिरताको कारण उत्पन्न समस्याहरू धेरै हदसम्म नियन्त्रित भएका छन् र श्री ५ को सरकारले उठाएको वित्तीय तथा मौद्रिक कदमहरूको फलस्वरूप अर्थ व्यवस्था दरिलो भएको छ । राजस्व संकलनमा दक्षता बढेको छ र आय अनुमान भन्दा धेरै नै बढीभएको छ । राजस्वमा भएको वृद्धिको कारण श्री ५ को सरकारको विकास तर्फको खर्च को निकासा समयमै हुन सकेको छ र आयोजनाहरूको कार्यान्वयनमा गतिशीलता देखा परेको छ ।

विदेशी मुद्राको सञ्चयमा भै रहेको वृद्धिको दर कायम छ र केही समयअघि भएको भारतीय मुद्राको सञ्चयको ह्रास पूर्णतया नियन्त्रित हुनाले यो सञ्चयमा वृद्धि हुन थालेको छ । राष्ट्र बैंकसंग रहेको सुन र विदेशी विनिमय कोषमा चालू आर्थिक वर्षको पहिलो ९ महीनाभित्र रू. १० करोड ८० लाखले वृद्धि भै रू. ७० करोड भन्दा बढी पुगेको छ जुन गत वर्षको वृद्धि भन्दा बढी छ । विदेशी विनिमय कोष सञ्चयमा हुन आएको वृद्धि देशको वैदेशिक व्यापार तथा भुक्तानी स्थिति मजबूत हुँदै गएको कुराको संकेत हो । चालू आर्थिक वर्षको पहिलो आठ महीनाभित्र वाणिज्य बैंकहरूको मुद्दति र बचत खातामा रू. ३ करोड ३४ लाखले वृद्धि हुन गई रू. १३ करोड २९ लाख पुगेको छ । श्री ५ को सरकारले यस वर्ष निष्कासन गरेको विकास ऋणपत्र पुरापुर बिक्री भएको मात्र छैन कि सोभन्दा बढी माँग भएको छ । यसबाट जनतामा आफ्नो देशको मुद्रामा बचत गर्ने प्रवृत्ति बढेको र लगानी गर्ने उत्सुकता बढेको कुरा दर्शाउँछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौद्रिक स्थितिमा पनि क्रमिकरूपले सुधार हुँदैछ । केही वर्षदेखि द्रुततर गतिमा बढ्न थालेको मुद्रा प्रदायलाई नियन्त्रित गरी यस आर्थिक वर्षको सम्पूर्ण अवधिभित्र मुद्रा प्रदाय १५ प्रतिशतभन्दा बढी वृद्धि हुन नदिने लक्ष्य राखिएकोमा ११–१२ प्रतिशतभन्दा बढ्ता वृद्धि नहुने देखिन्छ । चालू आर्थिक वर्षको पहिलो ८ महीनामा मुद्रा प्रदाय रू. ७ करोड ७३ लाखले बढी फागुन मसान्तमा रू. ६९ करोड ५१ लाख पुग्न गएको छ ।

यस आर्थिक वर्षमा मूल्यको वृद्धि पनि नियन्त्रित भएको छ । कृषि बाली राम्रो भएको हुँदा देशको मूल्य स्थितिमा स्थिरता आएको छ । गत आर्थिक वर्षको तृतीय त्रयमासमा अभारित राष्ट्रिय मूल्य सूची १४७.८१ भएकोमा यस वर्षको तृतीय त्रयमासमा १४७.७५ हुन गएको छ । यस आर्थिक वर्षको वार्षिक औसत मूल्य गत वर्षको दाँजोमा कम दरले मात्र वृद्धि हुने देखिन्छ ।

उत्पादनतर्फ यस वर्ष धानको उत्पादन ४.७ प्रतिशत र गहुँको उत्पादन १९.५ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । ऊखुको उत्पादनमा १३.८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ । कृषि विकासको लागि विगत वर्षहरूमा श्री ५ को सरकारले उठाएको विभिन्न कार्यक्रमहरूको असर क्रमशः कृषि उत्पादनमा देखा पर्न थालेको छ । चालू आर्थिक वर्षमा मल खादको बिक्री वितरण २४ हजार मेट्रिक टन पुग्ने अनुमान छ । उन्नत बीजको बिक्री वितरणमा वृद्धि दर विगत वर्षहरूको दाँजोमा धेरै नै उत्साहवर्धक भएको छ । कृषि औजारको बिक्री वितरण क्रमिकरूपमा बढ्दैछ ।

यस वर्षको औद्योगिक उत्पादनको स्थिति पनि केही हदसम्म सन्तोषजनक छ । केही वर्ष अघि कच्चा पदार्थको अभाव तथा केही व्यवस्थात्मक कठिनाइहरूले गर्दा पूरा क्षमताअनुसार उत्पादन गर्न नसकेका सरकारी क्षेत्रमा रहेका चिनी तथा चुरोट कारखानाहरूको उत्पादनमा वृद्धि भएको छ । यस आर्थिक वर्षको पहिलो आठ महीनामा नै चिनीको उत्पादन ९,६५६ मेट्रिक टन पुगेको छ जुन गत आर्थिक वर्षमा पूरा वर्षको उत्पादनभन्दा झण्डै तीनगुणा बढी छ । चुरोटको उत्पादन पनि गत आर्थिक वर्षमा १७ प्रतिशतले वृद्धि भई १ अरब ११ लाख खिल्ली पुगेकोमा २०२५–२६ को पहिलो आठ महीनामा नै चुरोटको उत्पादन १ अरब २ लाख खिल्ली पुगिसकेको छ ।

गैर सरकारी क्षेत्रमा उद्योगहरू स्थापना गर्न प्रोत्साहन गर्ने श्री ५ को सरकारको उद्योग नीतिको फलस्वरूप देशमा केही कारखानाहरूको स्थापना भैरहेको कुरा सर्वविदित छ । आर्थिक विकासको दृष्टिकोणबाट विभिन्न किसिमका उद्योगहरूको बेग्ला बेग्लै योगदान हुने हुनाले सरकारबाट दिइने सुविधा र सहुलियतहरू पनि त्यस्तै अनुपातमा उपलब्ध गराउनु उचित हुन्छ । यसैकारण औद्योगिक व्यवसाय (संशोधन) ऐन, २०२५ लागू गरी उद्योगहरूलाई वर्गीकरण गरिएको छ र सोहीअनुसार सुविधा तथा सहुलियत प्रदान गर्ने प्रबन्ध गरिएको छ । यसले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देशको आर्थिक विकासको दृष्टिकोणबाट बढी फाइदाजनक उद्योगहरूको स्थापनालाई प्रोत्साहन मिल्ने आशा गर्न सकिन्छ ।

योजनामा यातायातलाई प्राथमिकता दिइएस्वरूप यातायातका सुविधाहरू बिस्तार गर्ने कार्यमा तीव्रता आएको छ । सिद्धार्थ राजमार्ग तथा पृथ्वी राजमार्गको निर्माणमा धेरै प्रगति भएको छ र महेन्द्र राजमार्गको विभिन्न भागमा निर्माण कार्य जोडतोडले चलिरहेछ । साथै धनगढी-डडेल्धुरा सडकको निर्माण कार्य पनि शुरू भैसकेको छ ।

विकास कार्यक्रमको सञ्चालनको क्रममा आज हामी निश्चित् प्राथमिकतालाई अङ्गालेर अगाडि बढ्ने कोशिश गरिरहेका छौं । कम प्राथमिकता भएका आयोजनाहरूबाट साधन-हरू बचाएर आर्थिक विकासलाई टेवा दिन सक्ने कार्यक्रमहरूमा लगाउने प्रयत्न गर्दैछौं । यस उद्देश्यलाई कार्यान्वयन गर्ने "कार्यक्रम नियोजन" प्रणाली अपनाइएको छ । विकास बजेट अन्तर्गत पर्ने कुनै पनि कार्यक्रम वा आयोजनालाई बजेट स्वीकृति गर्नुभन्दा अगाडि उक्त कार्यक्रम वा आयोजनाको आर्थिक औचित्य, देशलाई हुने फाइदा, सम्बन्धित विभागको प्रशासकीय र प्राविधिक क्षमता, कार्यक्रम सञ्चालनमा आइपर्ने अवरोधहरू, विभागहरूबाट प्रस्तुत गरिएको कार्यक्रमको पञ्चवर्षीय योजनामा निहित कार्यक्रम र उद्देश्यहरूसंगको सम्बन्ध त्यादिबारे विस्तृत लेखाजोखा गरिएको छ ।

मैले प्रस्तुत गरेको विवरणबाट हामी विकासको बाटोमा क्रमशः अगाडि बढ्दैछौं भन्ने कुरा जनाउँछ र यसबाट केही हदसम्म हौसला प्राप्त गर्न सक्छौं । तर यी उपलब्धिहरूबाट हाम्रो आकांक्षा र लक्ष्य पूर्ति भएको छ भन्ने भावना मैले व्यक्त गर्न खोजेको हो न । हाम्रा सामु आई परेका समस्याहरूको स्पष्ट व्याख्या र विश्लेषणको आधारमा मात्र बजेटलाई वास्तविक र जनआकांक्षा अनुकूल बनाउन सकिन्छ भ कुरामा म विश्वस्त छु । आज मैले उल्लेख नगर्दैमा समस्या देखा नपर्ने वा कसैले बढाएर बोल्दैमा समस्या विकट हुने होइन । हाम्रो अगाडि तथ्य यही छ कि आर्थिक विकास संसारमा कुनै देशले पनि सानो त्यागले र अल्पकालमा प्राप्त गर्न सकेको छैन ।

कृषिको क्षेत्रमा मैले माथि केही उपलब्धिहरूको उल्लेख गरेको थिएँ । तर हाम्रो आवश्यकताको अनुपातमा हाम्रा प्रयत्नहरू धेरै कम देखिन आउँछन् । बहुसंख्यक नेपाली किसानहरूलाई आधुनिक कृषि उपकरणहरू पुऱ्याउने तथा उत्पादन सम्बन्धी वैज्ञानिक ज्ञानको बोध गराउनेतर्फ धेरै काम गर्न बांकी नै छ । कृषि उब्जनीको लागि आवश्यक सिंचाईको व्यवस्था गर्नमा हामी धेरै पछाडि छौं । भूमिसुधारको माध्यमबाट बहुसंख्यक कृषकहरूले प्राप्त गरेको अधिकारको उचित फाइदा उठाउन उनीहरूलाई सहुलियत पुऱ्याउने काम हाम्रो अगाडि नै छ । सीमित साधन तथा प्रशासकीय दक्षताबाट यो वृहत् लक्ष्य पूर्ति गर्न हामीले शुरूमा निर्धारित गरेको समय भन्दा बढी लाग्ने भएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विगत वर्षहरूमा केही उद्योगधन्दाहरूको स्थापना भएको छ । तर सरकारी क्षेत्रमा संचालन भएका उद्योगहरू अझै सन्तोषप्रद अवस्थामा चलेका छन् भन्न सकिन्न । उद्योगहरूको संचालन दक्षतापूर्वक गर्न समय र अनुभवको आवश्यकता पर्दोरहेछ भन्ने कुरा हामी सिक्दैछौं । औद्योगिक परम्परा नभएको देशमा उद्योग स्थापना हुने बित्तिकै लाभमा चल्दछ भन्ने आशा राखेका हामी धेरैलाई आजको स्थितिबाट नै राश्य पनि उत्पन्न हुन सक्छ । क्रमिकरूपमा भए पनि हामी प्रगति गर्दैछौं तापनि हाल स्थापित उद्योगहरूमा लागेको पूँजीको सदुपयोग हुने गरी पूर्ण क्षमतामा चलाउने र देशको खांचो पूर्ति गर्ने विकट समस्या हाम्रो अगाडि नै छ ।

गैर सरकारी क्षेत्रमा बजारको अनिश्चितताको कारणबाट औद्योगिक विकासतर्फ शिथिलता देखापरेको छ । जे जति उद्योगहरू विगत केही वर्षहरूमा खडा भए तिनीहरू मध्ये धेरै जसो तोकिएको प्राथमिकता तथा नीति अनुकूल नहुनाको कारण लगानीबाट देशलाई उचित मात्रामा लाभ हुन नसकेको कुरा स्पष्ट छ ।

व्यापारको क्षेत्रमा अनेकता ल्याउने तथा व्यापारलाई सुसंगठित रूपमा विस्तार गर्ने लक्ष्यमा केही हदसम्म प्रगति भएको छ तर संसारका सबै मुलुकहरूसंग हाम्रो इच्छानुकूल व्यापार बिस्तार गर्ने दिशातर्फ सन्तोषजनक प्रगति भएको छैन । वास्तवमा आर्थिक विकास धेरै मात्रामा व्यापारको विकासमा निर्भर गर्दछ किनकि बढ्दो व्यापारको सन्दर्भमा मात्र उत्पादनको वृद्धि हुन्छ । आगामी वर्षहरूमा बैदेशिक व्यापारलाई देश विकासको प्रभावकारी माध्यम बनाउनु श्री ५ को सरकारको गहन जिम्मेवारीको रूपमा खडा हुन आएको छ ।

निर्माणको क्षेत्रमा ठूला ठूला आयोजनाहरूमा प्रगति भैरहेको छ । तापनि देशभित्र रहेको आर्थिक तथा प्राविधिक साधनलाई अधिकतम फाइदा हुने रूपबाट परिचालन गर्न सक्ने दक्षता विकसित भैसकेको छैन । धेरै आयोजनाहरू पूरा भए तापनि तिनीहरू मध्ये कतिपय पूर्ण क्षमतामा चल्न वा पूर्ण सेवा दिन सकेका छैनन् र पूरा भएका आयोजनाहरूमा आवश्यक मात्रामा स्याहार संभार गर्न नसकेका उदाहरणहरू पनि पाइन्छन् ।

वास्तवमा हाल देखा परेका समस्याहरू देशमा घटिरहेका आर्थिक र सामाजिक परिवर्तनहरू र बढ्दो जन आकांक्षाको कारणबाट उत्पन्न भएका छन् र यो स्वभाविक पनि हो । यी समस्याहरू परम्परागत समाजबाट एक सक्रय चेतनशील समाजतिर लम्कन खोज्दा स्वतः आई पर्ने कुराहरू हुन । विकासको गति जति तीव्र हुँदैजान्छ उति हाम्रा आकांक्षाहरू पनि बढ्दै जान्छन् र साथ साथै नयां नयां समस्याहरू पनि । यी समस्याहरूलाई सुल्झाउन र हाम्रा आकांक्षाहरूलाई पूरा गर्न बढी साधनहरूको परिचालन गर्नको साथ साथै यी साधनहरूलाई प्रभावकारी ढङ्गबाट उपयोग गर्नु पनि परेको छ । साधनको राम्रो उपयोग तब मात्र हुन सक्दछ जब हामी प्राथमिकता-लाई अङ्गालेर निर्धारित लक्ष्य तथा नीतिको अधिन रही अनुशासित ढङ्गबाट काम गर्छौं । हाम्रा आकांक्षाहरूको दांजोमा हाम्रा साधनहरू सीमित भएको हुँदा पनि प्राथमिकता अनुसार साधनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बांडफांट गर्न नितान्त आवश्यक हुन्छ । हाम्रो जस्तो अविकसित अवस्थामा आवस्यकता सबै कुराको हुन्छ । तर सबै कुरा एकैचोटि पूरा गर्न खोज्नु प्राथमिकता चिन्न नसक्नु हो, किन कि सबै कुराको प्राथमिकता दिनुको अर्थ कुनै पनि कुरालाई महत्व नदिनु हुन्छ ।

आगामी वर्ष चालू पञ्चवर्षीय योजनाको अन्तिम वर्ष हो । विकासको लागि भनी छुट्याइएको विगत चार वर्षको रकम तथा आगामी वर्षको निमित्त प्रस्तावित रकमको जम्मा गर्ने हो भने योजनाको वित्तीय लक्ष्य पूरा हुन्छ । तर भौतिक उपलब्धिको हिसाब गर्ने हो भने विषय विवादग्रस्त बन्न सक्दछ । योजनाको लक्ष्य सही रूपमा हासिल गर्न आर्थिक अनुशासन अनिवार्य छ र यस्तो अनुशासन वार्षिक बजेटमा प्रतिबिम्बित हुनु पर्दछ । यसैले प्रस्तुत बजेटलाई योजनामा निहित उद्देश्य र लक्ष्यहरूसंग बढी समन्वय कायम राख्न प्रयास गरिएको छ । यस अनुसार आगामी वर्षको लगानी नीति मुख्यतः तीन कुराहरूमा आधारित छन्: (क) योजनाका लक्ष्यहरू पूरा गर्न हाल साध्य तथा अधिकतम आर्थिक लाभ दिनसक्ने आयोजनाहरु कार्यान्वयन गराउने, (ख) कृषि, यातायात र पर्यटनलाई आर्थिक विकासका तीन आधारभूत अङ्गहरूको रूपमा अघिबढाउने र (ग) वित्तीय संस्थाहरूसंग सञ्चित साधनको सदुपयोग गर्ने तथा सार्वजनिक संस्थाहरूलाई बढी सक्रिय बनाउने ।

योजनाको प्राथमिकतालाई सर्वोपरि राखेर आगामी वर्षमा श्री ५ को सरकारले मुख्यतः कृषि, यातायात र पर्यटनतर्फ विशेष जोड दिने ध्येय राखेको छ । कृषि प्रधान यो देशमा कृषि उत्पादनमा वृद्धि गरी कृषकको जीवनस्तर उचाल्न सकेमा मात्र विकासको सही मतलव आउँछ भन्ने कुरा स्पष्ट छ । तर कृषिकै विकासको लागि पनि यातायात विकास ज्यादै महत्वपूर्ण हुन्छ । यसैले आगामी वर्षको विकास बजेटमा यी दुई क्षेत्रहरूको विकासको निमित्त बढी रकम छुट्याइएको छ ।

द्रुततर आर्थिक विकासको निमित्त बढ्दो मात्रामा परिवर्त्य मुद्राको आवश्यकता पनि पर्दै जानेछ । ठूलो परिमाणमा औद्योगिक उत्पादन निर्यात गरेर विदेशी मुद्राको खांचो स्थायी रूपमा पूर्ति गर्न सक्ने स्थिति अझै धेरै टाढा छ । कच्चा पदार्थको निर्यातमा मात्र संधै निर्भर रहन सम्भव छैन । देशभित्र उद्योगहरू स्थापना हुँदै जाँदा यस्तो कच्चा पदार्थको निकासी र यसबाट प्राप्त हुने परिवर्त्य मुद्राका श्रोतहरू सीमित हुँदै जानेछन् । विदेशी सहायतामा मात्र संधै निर्भर रहेर विदेशी मुद्राको खांचो टार्ने कुरा पनि छैन । अतः विदेशी मुद्राको आर्जनको लागि पर्यटन विकासमा श्री ५ को सरकारले विशेष प्रयास गर्ने निर्णय गरेको छ र तदनुरूप पर्यटन विकासलाई सोझै प्रभाव पार्ने कार्यक्रमहरू संचालन गरिनेछन् ।

राजस्वतर्फ मुख्यतः कर प्रशासनलाई नै सरल र सवल बनाउने श्री ५ को सरकारको नीति बढी जागरूकताका साथ कार्यान्वयन गरिनेछ । विगत केही वर्षहरूको अनुभवले स्पष्ट गरेको छ कि करको दर नबढाइकन पनि बढी राजस्व संकलन गर्न सकिन्छ । लगाइएको कर राम्रो-

909
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संग उठाउन नसकी त्यस्तो चुहावटको बोझ जनतामा थुप्रन दिनु अनुचित हो । यसैले आगामी वर्ष लगानीको वृद्धिको अनुपातमा थप करको बोझ त्यति ठूलो गरिएको छैन र कर वृद्धि गर्दा पनि आवश्यक वस्तुहरूमा यथाशक्य कम गर्ने वा प्रचलित दर कायम गर्ने नीति अपनाइएको छ र विलास-का सामान तथा कम आवश्यकताका उपभोग्य वस्तुहरूबाट थप साधनहरू उठाउने व्यवस्था गरिएको छ ।

राजस्व संकलनमा अपेक्षाकृत रूपले वृद्धि भई विगत वर्षहरूमा हुन आएको बचतबाट श्री ५ को सरकारको मौज्दात बढ्न गएको छ । गैर-सरकारी क्षेत्रतर्फ पनि बचत गर्ने प्रवृत्ति बढेकोले वाणिज्य बैंकहरूमा ूलो साधन सङ्कलित हुन आएको छ । उता विदेशी मुद्राको आर्जनमा निरन्तर वृद्धि हुँदै गएकोले विदेशी विनिमय कोषको केही अंश देश विकासको काममा उपयोग गर्न सक्ने अवस्थामा छौं । यी साधनहरूलाई प्रभावकारी ढङ्गबाट लगानी गरेर अधिकतम फायदा उठाउने ेला आएको छ । यस प्रकार सङ्कलित साधनको उपयोग गर्ने नीति श्री ५ को सरकारले अपनाएकोले घाटा बजेट स्तुत गरेको छु । हालको वित्तीय र आर्थिक स्थितिको संदर्भमा प्रस्तुत घाटा रकम हाम्रो आर्थिक क्षमताको अधीनस्थ छ । अर्को शब्दमा यस घाटाको बजेटबाट मौद्रिक र आन्तरिक मूल्य स्थितिमा प्रतिकूल असर पर्नेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२४।२५ र २०२५।२६ मा सरकारी क्षेत्रमा भएको आर्थिक कारोवारको व्याख्या गर्दछु । आर्थिक वर्ष २०२४।२५ मा राजस्व रू. ३० करोड ६८ लाख हुने संशोधित अनुमान भएकोमा रू. ३२ करोड ६० लाख प्राप्त भएको छ । यसरी संशोधित अनुमानभन्दा रू. १ करोड ९२ लाख अर्थात् ६ प्रतिशत बढी राजस्व प्राप्त हुन आएको छ । विदेशी सहायता तर्फ रू. १६ करोड ७६ लाख प्राप्त हुने संशोधित अनुमान गरिएकोमा रू. १५ करोड ८१ लाख प्राप्त भएको छ । साधारण बजेटको खर्च रू. १८ करोड ६० लाख र विकास बजेटको खर्च रू. २९ करोड ५१ लाख हुने संशोधित अनुमान गरिएकोमा यथार्थ खर्च क्रमशः रू. १८ करोड ८ लाख र रू. २८ करोड १२ लाख हुन आएको छ । २०२३।२४ को यथार्थ खर्चको तुलनामा भने साधारण बजेटमा रू. १ करोड २ लाख र विकास खर्च रू. १ करोड ३० लाखले वृद्धि भएको छ । राजस्व रू. ६ करोड ९३ लाख र विदेशी सहायता रू. १ करोड ५९ लाखले वृद्धि हुन गएको छ । राजस्वमा अनुमान गरिएकोभन्दा बढी सङ्कलन भएको र खर्चतर्फ भने अनुमान गरिएको भन्दा कम खर्च भएकोले वास्तवमा रू. २ करोड २१ लाखको बचत हुन गएको छ । रू. १ करोडको विकास ऋण निष्काशन गरिएको रकमको पनि हिसाब गर्दा नगद मौज्दात रू. ३ करोड २१ लाखले वृद्धि भएको छ ।

२०२५।२६ आर्थिक वर्षमा आयतर्फ रू. ३६ करोड ५० लाख अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. ४० करोड २ लाख प्राप्त हुने भएको छ । यसरी राजस्वमा अनुमान भन्दा रू. ३ करोड ५२ लाख अर्थात् १० प्रतिशत जति बढी प्राप्त हुने संशोधित अनुमान छ । विदेशी सहायता तर्फ भने रू. २७ करोड ६४ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. ६ करोड २२ लाखले घट्न गई रू. २१ करोड ४२ लाख मात्र प्राप्त हुने संशोधित अनुमान छ । साधारण खर्च रू. २० करोड ९० लाख र विकास खर्च रू. ४५ करोड ८४ लाख हुने अनुमान गरिएकोमा क्रमशः रू. २० करोड १५ लाख अर्थात् ९६ प्रतिशत र रू. ३९ करोड २२ लाख अर्थात् ८६ प्रतिशत खर्च भएको संशोधित अनुमान छ । २०२४।२५ को यथार्थको तुलनामा राजस्व रू. ७ करोड ४२ लाख अथवा २३ प्रतिशत र विदेशी सहायता रू. ५ करोड ६१ लाख अथवा ३५ प्रतिशतले बढ्ने संशोधित अनुमान छ । खर्च तर्फ २०२४।२५ को यथार्थको तुलनामा साधारण बजेटमा रू. २ करोड ७ लाख अर्थात् ११ प्रतिशत र विकासतर्फ रू. ११ करोड १० लाख अर्थात् ३९ प्रतिशतले बढ्ने संशोधित अनुमान छ । पहिले न्यून हुने अनुमान गरिएकोमा अब रू. २ करोड ७ लाखले बचत हुने संशोधित अनुमान छ । यस वर्ष निष्काशन गरिएको विकास ऋणपत्रबाट प्राप्त गरिएको रु. १ करोड ९६ लाखको रकमको समेत हिसाब गर्दा नगदमौज्दात रू. ४ करोड ३ लाख बढ्नेछ ।

903

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३

अध्यक्ष महोदय, अब म आर्थिकवर्ष २०२६।२७ को आय-व्यय अनुमान पेश गर्दछु। आयतर्फ जम्मा रू. ४२ करोड ८० लाख राजस्व प्राप्त हुने अनुमान छ। यो रकम २०२५।२६ को संशोधित आयको तुलनामा रू. २ करोड ७८ लाख अर्थात् ७ प्रतिशतले बढेको छ। खर्चतर्फ साधारण बजेटमा रू. २३ करोड २८ लाख र विकास बजेटमा रू. ६० करोड ८२ लाख हुने अनुमान हुँदा २०२५।२६ को संशोधित अनुमानको तुलनामा क्रमशः रू. ३ करोड १३ लाख अर्थात् १६ प्रतिशत र रू. २१ करोड ६० लाख अर्थात् ५५ प्रतिशतले बढी हुन आएको छ। यस वर्ष विकाश बजेटमा समावेश भएका उद्योग, बिजुली, निर्माण र वनका प्रशासकीय खर्चहरू तथा पूरा भइसकेका आयोजनाहरूको सञ्चालन खर्च साधारण बजेटमा सारिएको छ। विकास बजेट व्यहोर्ने श्रोत मध्ये श्री ५ को सरकारबाट रू. २६ करोड ८४ लाख र विदेशी सहायताबाट रू. ३४ करोड १८ लाख व्यहोर्ने अनुमान छ।

२०२५।२६ आर्थिक वर्षको तुलनामा श्री ५ को सरकारबाट रू. ८ करोड ८४ लाख अर्थात् ५० प्रतिशत र विदेशी सहायताबाट रू. १२ करोड ७६ लाख अर्थात् ६० प्रतिशत बढी व्यहोर्ने भएको छ।

साधारण बजेट तर्फ साधारण प्रशासनमा रू. ५५ लाख, आयकर प्रशासनमा रू. ३३ लाख, वैदेशिक सेवामा रू. १९ लाख, सामाजिक सेवामा रू. ६९ लाख, आर्थिक सेवामा रू, ७६ लाख र रक्षामा रू. २८ लाख थप रकम छुट्याइएको छ। संवैधानिक अङ्गका शीर्षकहरूमा महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग, सर्वोच्च अदालत तथा निर्वाचन आयोगको बढ्दो काम तथा थप दरबन्दीको हिसाबबाट खर्च बढाइएको छ। साधारण प्रशासन, आयकर प्रशासन र न्याय प्रशासनलाई सुदृढ र सक्षम बनाउन आवश्यक रकमहरूमा खर्च बढाइएको छ। वैदेशिक सेवामा विशेष गरेर संयुक्त राष्ट्र संघमा नेपालले हासिल गरेको प्रतिष्ठा अनुरूप स्थायी नियोग र बैंकक्मा हालैमात्र खोलिएको नियोगको लागि थप खर्चहरूको व्यवस्था भएको छ। सामाजिक सेवा अन्तर्गत सूचना प्रसारको प्रशासकीय खर्च र स्वास्थ्य तर्फ अस्पताल, हेल्थ सेण्टर र हेल्थ पोष्टहरूको खर्चमा वृद्धि हुन गएको छ। शिक्षामा त्रिभुवन विश्वविद्यालय तथा केही डिग्री कलेजहरू र खेलकूद परिषद्को लागि आर्थिक सहायता बढाइएको छ। आर्थिक सेवा अन्तर्गत सञ्चार, उद्योग, बिजुली, निर्माण र वनमा विकास बजेटमा समावेश भएका प्रशासकीय खर्चहरू र पूरा भएका आयोजनाहरूको खर्च सर्न आएकोले वृद्धि भएको छ। रक्षा शीर्षकमा वार्षिक तलब वृद्धिलाई चाहिने रकमसम्म वृद्धि भएको छ। विविध अन्तर्गत निवृत्तभरण तथा उपदान शीर्षकमा न्यूनतम निवृत्तभरणको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर मासिक रू. ३०।– पुऱ्याउनलाई आवश्यक रकम राखिएको छ । साथै श्री ५ को सरकारको कर्मचारीहरूको कट्टी हुने सञ्चयकोषको रकममा श्री ५ को सरकारबाट शत प्रतिशत गरिदिने भ कोले त्यसको लागि अर्थको व्यवस्था गरिएको छ ।

विकास बजेट तर्फ थप खर्च गरिने रू. २१ क ोड ६० लाखको रकम मध्ये आर्थिक सेवाहरूको निमित्त ८२ प्रतिशत, सामाजिक सेवाहरूको निमित्त १५ प्रतिशत र आर्थिक प्रशासन तथा योजना र विविध खर्चको निमित्त ३ प्रतिशत बांडिएको छ । आर्थिक सेवाका शीर्षकहरूमा सडकमा रू. ६ करोड ६० लाखले र हवाईमा रू. ३ करोड २४ लाखले वृद्धि भएको छ । सडकमा वृद्धि भएको खर्च मुख्यतः हाल निर्माण भइरहेको ृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग महेन्द्र राजमार्गका विभिन्न भागहरू तथा धनगढी डँडेलधुरा सडकको निर्माण कार्यमा अरू तीव्रता ल्याई यी आयोजनाहरूलाई सकभर छिटो पूरा गर्नको लागि हो । त्यस्तै त्रिभुवन विमान स्थललाई विस्तार गरी थप हवाई सञ्चार सुविधाको समेत व्यवस्था गर्न र देशका अन्य विमान स्थलहरूमा पनि सकभर आधुनिक सुविधाहरूको प्रबन्ध गर्नको लागि हवाई शीर्षक अन्तर्गतको खर्च बढन गएको ो । कृषि तथा सिंचाई अन्तगतको खर्चमा रू. ३ करोड १७ लाखले वृद्धि भ को छ । यो ृद्धि केही खास कृषि विकास कायहरूको सञ्चालन र कृषि सप्लाई संस्थानलाई दिइने अनुदान तथा कृषि विकास बैंकको लागि अनुदान र शेयरमा लगानी गर्नको लागि हो । त्यस्तै आर्थिक सेवा अन्तर्गत विजुलीको खर्चमा देखाइ को रू. ३ करोड ४ लाखको वृद्धि मुख्यतः हालै मात्र शुरू गरि को सुनकोशी आयोजनाको निर्माण र त्रिशूली आयोजनालाई पूरा क्षमतामा चलाउनको लागि हो । दूर सञ्चार अन्त तको खर्चमा रू. ७५ लाखले वृद्धि ेअनुमान गरिएको छ जुन मुख्यतः ट्रङ्क टेलिफोन सेवाको विस्तारमा लगा ने छ । त्यस्तै भवन शीर्षक अन्तर्गत देखाइएको रू. ९६ लाखको वृद्धि नयाँ सरकारी तथा पञ्चायत भवनहरू र केही अस्पताल भवनको लागि छुट्याइएको छ । सामाजिक सेवामा पञ्चायत शीर्षक अन्तर्गत रू. १ करोड ५० लाखको वृद्धि भएको छ । यो वृद्धि मुख्यतः उत्तरी क्षेत्रीय विकास योजना र केही खास क्षेत्रीय विकास आयोजनाहरूको सञ्चालनमा लगाइ ेछ । शिक्षा अन्तर्गत देखा एको रू. १ करोड २५ लाखको वृद्धि मुख्यतः त्रिभुवन विश्वविद्यालयको लागि अनुदान र ु नीलकण्ठ नमूना स्कूलको स्थापनाको लागि छुट्याइ को छ ।

आर्थिक वर्ष २०२६।२७ चालू पञ्चवर्षीय योजनाको अन्तिम वर्ष पनि भएको हुँदा योजनामा तोकिएको प्राथमिकता अनुरूप आयोजनाहरूको कार्यान्वयन र खास गरी चालू भइरहेका आयोजनाहरूलाई सकभर पूरा गरी योजनाको लक्ष्य हासिल गर्ने उद्देश्यले खर्चको बांडफांट गरिएको छ ।

१०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४

अध्यक्ष महोदय, यस वर्ष राजस्व तर्फ सह्रानीय उपलब्धिहरू भएका छन् । २०२५–२६ मा रू. ३६ करोड ५० लाख राजस्व संकलन हुने शुरू अनुमानको सट्टामा अब रू. ४० करोड भन्दा केही बढी राजस्व आउने संशोधित अनुमान गरिएको छ । विशेषतः राजस्व प्रशासन यन्त्रको सक्षमतामा भएको वृद्धि स्वरूप एक वर्षको अवधिमा राजस्व रू. ३२ करोड ६० लाखबाट रू. ४० करोडसम्म पुगेको कुरा माथि उल्लेख भइसकेको छ ।

तथापि मैले प्रस्तुत गरेको व्ययको अनुमान अनुसार आगामी वर्षमा विकासको लागि गत वर्षहरूको तुलनामा धेरै बढी लगानी गरिने हुनाले थप राजस्व परिचालन अनिवार्य हुन आएको छ । २०२६–२७ मा रू. ८४ करोड १० लाख व्यय हुनेछ तथा आयको वर्तमान श्रोतबाट रू. ४२ करोड ८० लाख राजस्व हुने र विदेशी सहायताबाट रू. ३२ करोड ९३ लाख उपलब्ध हुने हुँदा ८ करोड ३७ लाख न्यून हुने भएको छ । यो न्यूनको पूर्ति गर्न केही थप कर प्रस्तावहरू पेश गर्दछु ।

बिक्रीकर तर्फ वस्तु वर्गीकरण विस्तृत रूपमा गरिएको छ । साथै प्लाइउड, हार्डबोर्ड, फर्निचर, रेशमी तथा कृत्रिम धागो, सूती गोली तथा रील धागो, दरी, अफिसका सामान, साइकल, जुत्ता, सिमेन्ट, लुगाधुने बाहेक अन्य साबुन, खाने मसला, बोतल वा टीन प्याक भएको खाद्य पदार्थ, चिया कफी, इत्यादिमा अब ५ प्रतिशतको सट्टा ७ प्रतिशतले बिक्रीकर लाग्ने छ । यस्तै सुपारीमा पनि ७ प्रतिशत बिक्रीकर लगाइने छ । उद्योग र कृषि विकासको प्रोत्साहनको लागि औद्योगिक मेसिन र तत्सम्बन्धी पार्टपूर्जा, कृषि मेसिन र औजार, घरेलु उद्योग स्तरमा बन्ने क्यूरियो तथा गहना, जुत्ता बनाउन प्रयोग हुने केही पदार्थहरू, रबरको चादर र कृत्रिम खोटोमा बिक्रीकर माफ गरिएको छ । अरूमा अनुसूची अनुसार हुनेछ । यी हेरफेरहरूबाट रू. १२ लाख बढी आउने अनुमान छ ।

साझेदारी फर्मको आयकर निर्धारण गर्ने प्रचलित प्रणालीबाट कतिपय कृत्रिम फर्महरूको सृजना गर्ने प्रवृत्ति प्रोत्साहित भएकोले अब प्रत्येक साझेदारले आर्जन गरेको आयकर लाग्ने सबै स्रोतको आय जम्मा गरी व्यक्तिगत रूपमा कर लिइने छ । घर जग्गा बहाल र विदेशी लगानी वापतको आय पनि करदाताको अन्य आयमा समावेश गरी आयकर लगाइने छ र घर जग्गा बहाल कर तथा विदेशी लगानी कर खारेज गरिएको छ । यी कदमहरूबाट कूल आयमा प्रत्यक्ष घटी बढी हुनेछैन । तर प्रशासनमा सरलता र व्यावहारिकता हुनेछ तथा कर प्रशासनलाई बढी प्रभावकारी बनाउन सहयोग हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगामी वर्षको लागि सवारी दर्ता दस्तूरमा वृद्धि गरिएको छ । बस, ट्रक, लरीमा रू. १००।– देखि रू. १५०।– सम्म, कार जीप, पिक-अप भ्यान आदिमा रू. ७५। देखि रू. १५०। सम्म,स्कूटर मोटर साइकलमा रू. १५। देखि रू. २०। सम्म र अन्यमा अनुसूची बमोजिम वार्षिक दस्तूर लिइने छ । ट्राक्टरमा हाल प्रति हर्स पावर रू. १०। भएकोमा अब प्रति हर्स पावर रू. १। राखिएको छ । सवारी दर्ता दस्तूरको प्रस्तावित हेरफेरबाट रू. ७ लाख थप आम्दानी हुने अनुमान छ ।

घर जग्गा रजिष्ट्रेशनतर्फ राजिनामा आदिमा मूल्यको ५ प्रतिशत, बन्धकमा ३ प्रतिशत र अन्यमा ६ प्रतिशत कायम गरिएको छ । तर रू. ५००। र सोभन्दा कमको राजिनामामा टिकट दस्तूर बाहेक अरू दस्तूर लिइने छैन । यसबाट रू. ४० लाख थप आय हुने अनुमान गरिएको छ ।

मालपोतमा वृद्धि नगरी यथावत् कायम गरिएको छ ।

अध्यक्ष महोदय, विभिन्न सरकारी संस्थानहरूमा भएको लगानीको फलस्वरूप उचित अनुपातमा राजस्व आउनु पर्ने हो । यसबारे गत वर्ष पनि उल्लेख भएको थियो । विद्युत्मा मित्र-राष्ट्रहरूको सहयोग समेतबाट ठूलो रकमको लगानी भैसकेको छ । तथापि विद्युत् उत्पादन शुल्क हाल नगण्य परिमाणमा लगाइएको छ । अतः सरकारी क्षेत्रबाट भएको लगानीको पूर्ण उपभोग गर्ने विद्युत् संस्थानसंग प्रति यूनिट ५ पैसा र निजी लगानी गरी उत्पादन गर्ने संस्थानहरू-संग प्रति यूनिट १ पैसाको दरले तथा मापक यन्त्र नलागेकाहरूमा त्यस्तै अनुपातमा उत्पादन शुल्क लिइने गरिएको छ । यसबाट रू. १५ लाख ५० हजार थपराजस्व आउने अनुमान छ ।

पैठारी महसूलतर्फ ह्विस्की, ब्राण्डीमा हाल प्रति एल. पी. ग्यालन रू. २२५। तथा ३५ प्रतिशत सरचार्ज अथवा मूल्यको १६८ प्रतिशत तथा ३५ प्रतिशत सरचार्ज लागि आएकोमा अब रू. २८०। प्रति एल. पी. ग्यालन तथा ३५ प्रतिशत सरचार्ज अथवा मूल्यको २५० प्रतिशत तथा ३५ प्रतिशत सरचार्ज लगाइने छ । यस्तै रम, जीन आदिमा हाल प्रति एल. पी. ग्यालन रू. २८४।– तथा ३५ प्रतिशत सरचार्ज अथवा मूल्यको २२५ प्रतिशत तथा ३५ प्रतिशत सरचार्ज लागेकोमा अब रू. ३३०।– प्रति एल. पी. ग्यालन तथा ३५ प्रतिशत सरचार्ज अथवा मूल्यको ३०० प्रतिशत तथा ३५ प्रतिशत लगाइने छ । चुरोटको पैठारीमा प्रति हजार रू. १।, जरी धागोमा १२ देखि १४ प्रतिशत, कफी कोकोमा २ प्रतिशत, नुहाउने र दारी काट्ने साबुनमा २ प्रतिशत, ब्याट्रिमा २ प्रतिशत दर वृद्धि गरिएको छ ।

भारतबाट ए. आर. वन फर्म प्रणाली अन्तर्गत पैठारी हुने मालमा भारतको केन्द्रीय वेशिक अन्तःशुल्क महसूल नलागी आएमा अरू प्रणालीबाट पैठारी भए सरह महसूल लाग्ने गरेको छ । हाल केही सुती कपडाहरूमा उल्लेखित भारतीय अन्तःशुल्क महसूल नलाग्ने भएकोले यस्ता कपडाहरूमा प्रति मिटर ५ पैसा महसूल लाग्न गएको छ । अब ए. आर. वन फर्म प्रणाली अन्तर्गत पैठारी हुने त्यस्ता कपडामा प्रति वर्ग मिटर मोटा कोरामा २ पैसा, मोटा धुवा वा रङ्गाए-कोमा ३ पैसा, मझौला "बी" कोरामा २।। पैसा, मझौला "बी" धुवा वा रङ्गाएकोमा ३।। पैसा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

र मझौला "ए" कोरामा ३।। पैसा महसूल कायम गरिएको छ। कपडामा सरचार्ज पूर्ववत कायम छ।

स्वदेशी उद्योगको संरक्षणको लागि किला कब्जा छेस्कनीमा ४ प्रतिशत, खालि टीनमा ६ देखि ७ प्रतिशत, टेरेलिन डेक्रन आदि कपडामा ७ प्रतिशत, गंजी मोजा स्वेटर आदिमा २ देखि ४ प्रतिशत, तयारी लुगामा ३ देखि ५ प्रतिशत, लुगाधुने साबुनमा १ प्रतिशत, चियामा २ प्रतिशत, बिस्कूटमा र टफीमा २ देखि ३ प्रतिशत, र गोलीधागोमा २ प्रतिशत पैठारी दर वृद्धि गरिएको छ। ट्रक बसहरूको अस्थायी पैठारी महसूल रू. ५०।– प्रतिदिन गरिएको छ। पर्यटकहरूको कार, जीप आदिमा चाहिं ३ महीनासम्म अस्थायी पैठारी महसूल माफ गरिएको छ।

निकाशीतर्फ चिनीमा तौलबाट महसूल लिई आएकोमा अब मूल्यबाट ८ प्रतिशत लिने गरिएको छ। कृत्रिम तथा अर्ध कृत्रिम रेशाको विस्तृत रूपमा वर्गीकरण गरिएको छ र रू. १।५६ देखि रू. १६।३० प्रति किलोग्राम महसूल कायम गरिएको छ।

निर्यात व्यापारको प्रोत्साहनको लागि ताजा वा सुकाएको वा प्याक गरिएको माछा, केही ताजा र सुकाएको फलफूलहरू, केही मसलाहरू, हाँस कुखुरा र हाँस कुखुराका फुलहरू इत्यादिमा निकासी महसूल माफ गरिएको छ। सिरकामा निकासी महसूल मूल्यको १० प्रतिशतबाट घटाई मूल्यको १ प्रतिशत कायम गरिएको छ।

त्यस्तै आयातमा जीवनजन्तुको खाद्य पदार्थमा प्रयोग हुने सिद्रा, इत्यादिमा र केही अरू वस्तुहरूमा महसूल माफ गरिएको छ। कृषि र उद्योगलाई सहुलियत पुऱ्याउने उद्देश्यले गत वर्षमा जस्तै ट्राक्टर, सिंचाई पम्प र मलखादको पैठारीमा महसूल माफ गरिएको छ। यस बाहेक ट्राक्टरको टायर ट्यूब तथा अन्य पार्टपूर्जामा र इन्कूबेटरमा पनि पैठारी महसूल माफ गरिएको छ। औद्योगिक मेशीनहरूमा सहुलियत दिने नीति अपनाई आएको हो तापनि परिभाषा अस्पष्ट भएकोले उद्योगीहरूले पाउनु पर्ने सुविधा सबै पाएका छैनन्। अब औद्योगिक मेशीनरी र ती सम्बन्धी सबै पार्टपूर्जा र मेशीनको विद्युत् सम्बन्धी अङ्गहरूमासमेत पैठारी महसूल सुविधा दिने गरी व्याख्या गरिएको छ। साथै केही वस्तुहरूमा निकासी दर घटाई पैठारी दरमा वृद्धि गरिएको छ। यस बाहेक अनुसूची अनुसार दरबन्दीहरूमा हेरफेर गरी समावेश गरिएका छन्।

निकासी पैठारी करहरूको प्रस्तावित संशोधनहरूबाट रू. ६७ लाख थप राजस्व आउने अनुमान छ।

अन्तःशुल्कतर्फ निकासी करमा जस्तै चिनीमा दर मूल्यको आधारमा परिणत गरी मूल्यको ११ प्रतिशत कायम गरिएको छ। चिनीको प्रस्तावित निर्यात महसूल र अन्तःशुल्कको जम्मा दरमा विशेष फरक हुने छैन। कृत्रिम रेशाको निकासी महसूलमा सरह वर्गीकरण गरी यसको उत्पादनमा पनि करीब उस्तै अन्तःशुल्क दर लगाइएको छ। चुरोटमा अन्तःशुल्क प्रति हजार ५० पैसादेखि रू. १।– सम्म वृद्धि गरिएको छ। मदभट्टी प्रथाको समयानुसार अन्त गरी डिस्टिलरी उद्योगको स्थापना गर्ने नीति अनुरूप हाल कार्य भैरहेकोले डिस्टिलरीबाट उत्पादन हुने निम्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कोटिको मदिराको पनि अन्तःशुल्क लोक्नु आवश्यक भएको छ । यस अनुसार ४५ यू. पि. र सो भन्दा कम शक्तिको मदिरामा प्रति एल. पी. लिटर रू. २।२० तथा ३५ यू. पि. र सोभन्दा बढी शक्तिको मदिरामा प्रति एल.पी.लिटर रू.१३।२० अन्तःशुल्क लगाइएको छ । यस्तै औद्योगिक उत्पादनमा सुगूरको जगरमा रू. १०।– प्रति किलोग्राम लगाइएको छ । यी हेरफेरबाट अन्तः शुल्क आयमा १ लाख ५० हजारको वृद्धि हुने अनुमान छ ।

अरू कर दरहरू पूर्ववत् कायम रहनेछन् ।

अध्यक्ष महोदय, राजस्व प्रशासनलाई सरल, व्यावहारिक र सक्षम बनाउने कुरा गत वर्ष पनि पेश भएको हो । त्यस अनुसार केही महत्वपूर्ण कार्यहरू भएका छन्, जसको नतीजाबारे मैले उल्लेख गरिसकें । बिक्रीकरको प्रणालीलाई व्यावहारिक तथा वैज्ञानिक रूपमा परिणत गरिएको छ । कर, भन्सार र अन्तःशुल्कको क्षेत्रीय प्रशासनलाई छरितो बनाउने तथा समन्वयात्मक रूपमा कार्य संचालन गर्नेतर्फ कारवाई भैरहेको छ । केही नयाँ विधेयकहरू राष्ट्रिय पञ्चायतको यस अधिवेशनमा पेश हुने भएका छन् । तथा प राजस्व प्रशासनलाई अझ बढी व्यावहारिक र सक्षम बनाउन सकिन्छ भन्ने हाम्रो धारणा छ । अतः आगामी वर्षमा श्री ५ को सरकारको राजस्व प्रशासनमा मुख्य प्रयास यसतर्फ रहनेछ ।

मालपोतलाई वैज्ञानिक आधारमा ढाल्ने काममा वाञ्छनीय प्रगति भएको छैन । मालपोतको आधारलाई जमीनको मूल्य अथवा उज्जनीमा परिणत गर्न सकिएको छैन । जन-प्रतिनिधि र विशेषज्ञहरूबाट धेरै रचनात्मक सुझावहरू पाइएका छन् । तर परिवर्तनको सही मतलब निकाल्न अरू बढी काम गर्नुपरेको छ । करको आधार परिवर्तन गर्दा विशेषतः यसले हाम्रो रहनसहनमै पनि असर पार्न सक्ने हुनाले यसबाट पर्न आउने प्रभावहरूको विस्तृत अध्ययन र जानकारी हुनु अत्यावश्यक छ । श्री ५ को सरकारले यो काम चाँडै नै सम्पन्न गर्ने आशा राखेको थियो तापनि यसलाई आगामी वर्षहरूका लागि राख्नु नै बुद्धिमानी हुने मैले देखेको छु ।

अध्यक्ष महोदय, थप करहरूबाट राजस्वमा रू. १ करोड ४३ लाख वृद्धि हुनेछ । यसबाट रू. ६ करोड ९४ लाख न्यून बाँकी रहनेछ । विदेशबाट रू. १ करोड २५ लाख ऋण उप-लब्ध हुने अनुमान छ । रू. २ करोडको आन्तरिक ऋण उठाउने प्रस्ताव गर्दछु । यसरी खूद न्यून रू. ३ करोड ६९ लाख हुनेछ । यो न्यून खर्चको बचतबाट सन्तुलित गरिनेछ अथवा खर्चको बचत-बाट नपुगे जति रकम मौज्दातबाट व्यहोरिने छ ।

नेपालको जनजीवन स्तरको विकासमा अभिरुचि कायम राखी आर्थिक तथा प्राविधिक सहायता दिने सबै मित्रराष्ट्र तथा अन्तरराष्ट्रिय संस्थाहरूलाई यस अवसरमा म धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२६।२७ को परिवर्त्य विदेशी विनिमयको आम्दानी र खर्चको विवरण प्रस्तुत गर्दछु ।

आर्थिक वर्ष २०२५।२६ मा आम्दानीतर्फ रू २१ करोड ५० लाख र खर्चतर्फ रू. १६ करोड ४८ लाख हुने अनुमान गरिएकोमा आम्दानी तर्फ रू. २४ करोड ८८ लाख र खर्चतर्फ रू १० करोड ८४ लाख हुने संशोधित अनुमान छ। रू. ५ करोड २ लाखको बचत हुने अनुमान गरिएकोमा रू. १४ करोड ४ लाख बचत हुने संशोधित अनुमान छ। गत वर्ष पनि रू. १० करोड ४ लाखको बचत हुन गएको थियो ।

२०२४।२५ को यथार्थको तुलनामा यस वर्ष परिवर्त्य विदेशी विनिमयको आम्दानी रू. २ करोड ५८ लाख अथवा १२ प्रतिशतले वृद्धि हुने र खर्चतर्फ रू. १ करोड ४२ लाख अथवा १२ प्रतिशतले नै कम हुने संशोधित अनुमान छ ।

अदृश्य निर्यातबाट रू. ६५ लाखले वृद्धि भई रू. ७ करोड २९ लाख पुग्ने संशोधित अनुमान छ जसमध्ये पर्यटनबाट रू. ९ लाखले मात्रै वृद्धि हुने देखिन्छ। मालसामानको निर्यात-बाट रू. ३ करोड ८८ लाखले अथवा ४१ प्रतिशतले वृद्धि भई रू. १३ करोड ३८ लाख हुने संशोधित अनुमान छ। गत वर्ष यस श्रोतबाट रू. ३ करोड ७५ लाख अथवा ६५ प्रतिशतले वृद्धि भएको थियो। यसरी बढी से बढी देशहरूसंग व्यापार विस्तार गर्ने श्री ५ को सरकारको नीति क्रमशः सफल हुँदै गई रहेको छ। केही वर्ष यता समुद्रपारतर्फ निर्यात हुने वस्तुहरूमा मुख्यतया जूट र जूटका सामानहरू मात्र थिए। तर अब अन्य नयाँ वस्तुहरू जस्तै चामल, दाल, क्यूरियोका सामानहरू, अभ्रख, सुंगूरको जगर इत्यादि पनि निर्यात हुन थालेका छ नेपाल स्थित विदेशी नियोगहरूबाट रू. २१ लाखले आम्दानीमा वृद्धि भई रू. ६५ लाख पुग्ने संशोधित अनुमान छ। विविध शीर्षकबाट रू. १ करोड ४५ लाखले बढी आम्दानी हुनेछ।

२०२४।२५ को यथार्थको तुलनामा यस वर्ष खर्चतर्फ अदृश्य आयातमा रू. ३७ लाखले वृद्धि भई रू. ६४ लाख, मालसामानको आयातमा रू. ८६ लाखले कम भई रू. १ करोड ७८ लाख र विविध खर्चतर्फ रू. १ करोड १८ लाखले कम भई रू. ७ करोड ५ लाख हुने संशोधित अनुमान छ। कूटनैतिक नियोगहरूको खर्चमा रू. २५ लाखले वृद्धि भई रू. १ करोड ३७ लाख पुग्ने संशोधित अनुमान छ।

आर्थिक वर्ष २०२६।२७ मा आम्दानीतर्फ रू. ३ करोड २८ लाखले कम भई रू. २१ करोड ६० लाख हुने तर खर्चतर्फ भने रू. १२ करोड ६८ लाखले वृद्धि भई रू. २३ करोड ५२ लाख हुने अनुमान छ। आम्दानीतर्फ कमी हुनुमा मालसामानको निर्यात घट्ने अनुमान गरिनाले हो। खर्चतर्फ अपेक्षाकृत रूपले वृद्धि हुनुमा आगामी वर्ष विकास खर्चमा निकै वृद्धि हुन गई तदनुरूप समुद्रपारबाट झिकाउनु पर्ने मालसामानहरूको पैठारीमा पनि निक्कै वृद्धि हुने अनुमान गरिएकोले हुनगएको हो। २०२६।२७ मा रू. १ करोड ९२ लाखको विदेशी विनिमय घाटा हुने अनुमान छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६

अध्यक्ष महोदय, मैले बजेट तर्जुमा गर्दा अपनाएको नीति तथा सिद्धान्तहरूको साथै बजेटको विस्तृत विवरण पेश गरें । यसबाट यो स्पष्ट हुन्छ कि विगत वर्षहरूमा अपनाइएका आधारभूत नीतिहरूको अधिनस्थ रहेर बजेट तर्जुमा गरिएको छ । हाम्रो अनुभवबाट यो देखिएको छ कि अपनाइएका सिद्धान्त तथा नीतिहरू बदल्नु पर्ने आवश्यकता छैन, तिनीहरूको व्याख्या सहि-रूपमा गर्नसक्नु परेको छ र मुख्यतः कार्यक्रमहरू नीति तथा उद्देश्य अनुकूल हुनुपर्दछ । यसको साथै कार्यान्वयनमा शिथिलता आउने वा नीतिलाई कागजमा मात्र प्रतिपादन गरेर आफलाई मनपरेको कुरा गर्ने परम्परा त्याग्नु परेको छ । आज बजेट प्रस्तुत गर्दा नीतिको सहि प्रकार अनुसरण गन र यसको कार्यान्वयनमा गतिशीलता ल्याउनेबारे श्री ५ को सरकार विश्वस्त रहेको कुरा बोध गराउन चाहन्छु ।

विकासको क्रममा आज हामी आफ्नो अनुभवबाट देश विकासको सही बाटो पैल्याउँदै छौं र हाम्रा समस्याहरूलाई औंल्याउनुको साथै यसलाई समाधान गर्ने तरीका व्याख्या गन स्थितिमा पुगेका छौं । हाम्रो अविकसितपन साधनको कमीमा मात्र निहित छैन । मैले माथि पेश गरेको विवरणहरूबाट उपलब्ध साधनहरू पनि प्रभावकारी ढङ्गबाट परिचालन गर्न नसकेको कुराको उल्लेख गरेको छु । यसको लागि जुन प्रकारको आर्थिक अनुशासन र प्रशासकीय दक्षता-को आवश्यकता छ त्यसप्रति श्री ५ को सरकार सचेष्ट छ ।

सरासर हेर्ने हो भने प्रस्तुत बजेट तथा कार्यक्रमलाई महत्वाकांक्षी भन्न सकिन्छ । तर आज विकासको चुनौतीको सामना गर्न हाम्रो क्षमतालाई मात्र हेरेर विकासको गति सीमित गर्ने बेला छैन । हाम्रो आकांक्षालाई अघि बढाएर त्यसलाई प्राप्त गर्न आवश्यक मात्रामा साधनको परिचालन गर्नु र आर्थिक तथा सामाजिक निकायहरूलाई उक्त लक्ष्य प्राप्त गर्न सक्षम बनाउनु परेको छ । यो क्षमता पञ्चायत, सरकारी र गैर-सरकारी सबै क्षेत्रमा विकसित गरिनु पर्नेछ ।

आज एककोटि नेपालीको सामू एकातर्फ "गाउँ फर्क" राष्ट्रिय अभियानको माध्यम-बाट सामाजिक उत्थान र देश विकासको लागि राष्ट्रनायक श्री ५ महाराजाधिराजबाट आह्वान गरिबक्सेको छ, अर्कोतर्फ हाम्रो आकांक्षालाई यथासम्भव प्रतिविम्बित गर्ने कार्यक्रममा आधारित बजेट प्रस्तुत गरिएको छ । "गाउँ फर्क" मा समावेश गरिएका सिद्धान्त र आचरणको अनुसरण गरेर निर्धारित नीति तथा कार्यक्रमभित्र रही अनुशासित ढङ्गबाट चलेमा सानो अवधिभित्रमै विकासको नयाँ लहर उत्पन्न हुनेछ भन्ने कुरामा म विश्वस्त छु । यी सबै कुराहरूको पृष्ठभूमिमा मैले बजेट प्रस्तुत गरेको छु । देश विकासको क्रम आज शुरू गरेर भोली सकिने कुरो होइन किन कि विकास एक निरन्तर चलिरहने प्रक्रिया हो र यसको अन्त्य छैन । यसमा हाम्रा सबै समस्याहरूको उत्तर छन् भन्ने कुरा म भन्न सक्दिन । हजार कोसको यात्रा पहिलो कदमबाट शुरू गरिन्छ भन्ने उखान झैं हामीमा निहित दक्षता, क्षमता र आत्मविश्वासको आधारमा देश विकासको उद्देश्यलाई अघि बढाउने दिशातर्फ प्रस्तुत बजेटलाई एक अर्को कदमको रूपमा पेश गर्दछु ।

धन्यवाद !

999
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च व्यहोर्ने श्रोतहरूले संक्षिप्त विबरण

२०२४।२५ को ✱ यथार्थ		२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान
	खर्च		
४६,१९,७२	कूल खर्च	५९,३७,२६	८४,०९,५९
१८,०७,८९	साधारण तर्फ	२०,१५,००	२३,२७,५०
२८,११,८३	विकासतर्फ	३९,२२,२६	६०,८२,०९
	खर्च व्यहोरिने स्रोतहरू		
३२,५९,७९	राजस्वबाट	४०,०१,९४	४४,२२,६६
	आयको वर्तमान स्रोतबाट		४२,७९,६६
	कर प्रस्तावबाट		१,४३,००
१५,८१,१४	विदेशी सहायताबाट	२१,४२,४५	३२,९२,७४
९,५८,६७	भारत	१२,६१,८५	१६,६३,०१
२,६१,६५	चीन	४,६८,७९	७,६६,७०
३,२२,२६	अमेरिका	३,६९,४९	६,६६,४७
२,५०	बेलायत	–	१,०८,३७
३०६९	रूस	३८,००	४५,००
–	जर्मनी	–	२७,५३
५,३७	अन्य	४,३२	१५,६६
+२,२१,२१	बचत(+) वा न्यून(–)	+२,०७,१३	–६,९४,१९
	व्यहोरिने स्रोतहरू		
	विदेशी ऋण		१,२५,२१
१,००,००	आन्तरिक ऋण	१,९६,००	२,००,००
–३,२१,२१	नगद मौज्दात		
	(बचत–)	–४,०३,१३	३,६८,९८

✱अन्तिम लेखापरीक्षण पूरा भई नसकेको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।२७ को राजस्व
अनुमान
तेरिज

रू. हजारमा

क्र.सं.	शीर्षक	२०२४।२५ ❀को यथार्थ	२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान		
				वर्तमान स्रोतबाट	कर परिवर्तन बाट	जम्मा
१.	भन्सार	१२,९७,३३	१७,०७,८७	१८,६४,२१	६७,००	१९,३१,२१
२.	अन्तःशुल्क	२,१४,७९	२,९८,१८	३,१०,४६	१,५०	३,११,९६
३.	मालपोत	८,३२,९५	८,६०,००	८,६५,००		८,६५,००
४.	वन	२,१८,१६	२,००,८१	२,०३,७०		२,०३,७०
५.	कर	४,४२,४८	६,४५,००	६,८१,०५	१२,००	६,९३,०५
६.	रजिष्ट्रेशन	५१,०५	४६,१०	४६,४७	४७,००	९३,४७
७.	सिंचाई र पानी	८,२८	१२,७५	१४,६५		१४,६५
८.	संचार	४५,८६	५९,५०	७३,९०		७३,९०
९.	यातायात	३,९२	१३,१०	५२,५०		५२,५०
१०.	ब्याज तथा लाभांश	८४,५०	९५,९०	१,०१,२०		१,०१,२०
११.	निजामती प्रशासन	३८,६६	३९,९३	४४,२४		४४,२४
१२.	विविध	२१,८१	२२,८०	२२,२८	१५,५०	३७,७८
		३२,५९,७९	४०,०१,९४	४२,७९,६६	१,४३,००	४४,२२,६६

❀ अन्तिम लेखा परीक्षण पूरा भई नसकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।२७ को व्यय अनुमान

तेरिज

रू. हजारमा

	साधारण बजेट	बिकास बजेट	जम्मा
१. संवैधानिक अङ्गहरू	१,३१,१५	×	१,३१,१५
२. साधारण प्रशासन	४,४३,०८	×	४,४३,०८
३. आय कर प्रशासन	१,८५,८८	×	१,८५,८८
४. आर्थिक प्रशासन र योजना	२५,४०	९८,३०	१,२३,७०
५. न्याय प्रशासन	४९,४७	×	४९,४७
६. वैदेशिक सेवा	१,४३,७०	×	१,४३,७०
७. सामाजिक सेवा	३,६२,४२	८,९२,६१	१२,५५,०३
८. आर्थिक सेवा	३,६७,८५	४८,९७,८३	५२,६५,६८
९. रक्षा	५,००,५५	×	५,००,५५
१०. विविध	१,१८,००	१,९३,३५	३,११,३५
	२३,२७,५०	६०,८२,०९	८४,०९,५९

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।२७ को राजस्व अनुमान

रू. हजारमा

क्र. सं.	शीर्षक	उप-शीर्षक	२०२४।२५ को यथार्थ	२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान		
					वर्तमान स्रोतबाट	कर परिवर्तन बाट	जम्मा
१	भंन्सार		१२,९७,३३	१७,०७,८७	१८,६४,२१	+६७,००	१९,३१,२१
		(क) निकासीबाट	२,१७,२६	३,९४,०७	४,१८,५९	−१,८१,००	२,३७,५९
		(ख) ठारीबाट	७,८१,१३	९,९२,०८	१०,८९,५६	+२,४८,००	१३,३७,५६
		(ग) भारतबाट अन्तःशुल्क फिर्ता–	२,८८,९६	३,१५,००	३,५०,००		३,५०,००
		(घ) विविध	९,९८	६,७२	६,०६		६,०६
२	अन्तःशुल्क		२,१४,७९	२,९८,१८	३,१०,४६	+ १,५०	३,११,९६
		(क) ठेक्का रकम–	७६,००	८४,१६	८७,००		८७,००
		(ख) औद्योगिक उत्पादन–	१,१३,७२	१,८८,६४	२,००,२०	+ १,५०	२,०१,७०
		(ग) कृषि उत्पादन	२०,४५	१७,९८	१५,८१		१५,८१
		(घ) विविध–	४,६२	७,४०	७,४५		७,४५
३	मापोत		८,३२,९५	८,६०,००	८,६५,००		८,६५,००
		(क) रैकर	८,३२,९५	८,६०,००	८,६५,००		८,६५,००

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४	वन		२,१८,१६	२,००,८१	२,०३,७०		२,०३,७०
		(क) लकडी बिक्री	२,००,७६	१,८४,२४	१,८६,९८		१,८६,९८
		(ख) शिकार तथा न्यायल्टी	२२	२२	२२		२२
		(ग) विविध–	१७,१८	१६,३५	१६,५०		१६,५०
५	कर		४,४२,४८	६,४५,००	६,८१,०५	+ १२,००	६,९३,०५
		(क) आय कर–	१,१४,१५	१,४७,०४	१,६२,०२		१,६२,०२
		(ख) मनोरञ्जन कर	१७,१६	१७,४३	१७,६६		१७,६६
		(ग) रेडियो–	९	१०	१०		१०
		(घ) शहरी क्षेत्रको घरजग्गा	५,०२	३,७८	३,३७		३,३७
		(ङ) विदेशी लगानी	८८	७८	६०		६०
		(च) घर बहाल कर	७,६५	९,१९	११,१७		११,१७
		(छ) हवाई उडान कर–	२,७०	३,९९	३,७०		३,७०
		(ज) होटेल कर–	१,३१	१,४१	१,५१		१,५१
		(झ) ठेक्का कर–	१४,५१	२२,१४	२२,५४		२२,५४
		(ञ) बिक्री	२,६९,१८	४,३८,३५	४,५७,६५	+ १२,००	४,६९,६५
		(ट) विविध–	९,८३	७९	७३		७३
६	रजिष्ट्रेशन		५१,०५	४६,१०	४६,४७	+ ४७,००	९३,४७
		(क) घर जग्गा–	४१,४६	३७,७०	३६,५६	+ ४०,००	७६,५६
		(ख) कम्पनी ऐन अन्तर्गत–	६,७३	५,८९	६,९५		६,९५
		(ग) फाराम रजिष्ट्रेशन–	१,५०	१,३१	१,५५		१,५५
		(घ) एजेन्सी रजिष्ट्रेशन–	४४	३९	४६		४६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(ङ) बन्दूक पिस्तोल रजिष्ट्रेशन	४३	३८	४४		४४
		(च) सवारी लाइसेन्स–	४९	४३	५१	+ ७,००	७,५१
७	सिंचाई पानी		८,२८	१२,७५	१४,६५		१४,६५
		(क) पानीपोत	१,८३	४,९१	५,०५		५,०५
		(ख) धारा महसूल–	६,४५	७,८४	९,६०		९,६०
८	सञ्चार		४५,८६	५९,५०	७३,९०		७३,९०
		(क) हुलाक–	२८,०३	३५,००	४०,००		४०,००
		(ख) दूर सञ्चार–	१७,८३	२४,५०	३३,९०		३३,९०
९	यातायात		३,९२	१३,१०	५२,५०		५२,५०
		(क) हवाई–	३,९२	९,६०	९,८०		९,८०
		(ख) विविध–		३,५०	४२,७०		४२,७०
१०	व्याज तथा लाभांश		८४,५०	९५,९०	१,०१,२०		१,०१,२०
		(क) कम्पनी तथा कर्पोरेशनलाई दिएको ऋणको व्याज	५	९०	१,२०		१,२०
		(ख) सरकारी जागीरदारलाई दिएको ऋणको व्याज–	१,८३	१,८०	१,९०		१,९०
		(ग) शेयरमा लगानी–	६८,५४	८१,२०	८३,१०		८३,१०

आधिकारिकता प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(घ) कम्पनी कर्पोरेशनलाई गएको ऋण फिर्ता–	१३,१८	१२,००	१५,००		१५,००
११	निजामती प्रशासन		३८,६६	३९,९३	४४,२४		४४,२४
		(क) न्याय–	२२,३२	२३,२९	२५,७३		२५,७३
		(ख) शिक्षा	६,६५	८,०१	९,१४		९,१४
		(ग) स्वास्थ्य–	३,५८	२,६५	२,८९		२,८९
		(घ) पशु तथा मत्स्य पालन	१,५८	१,४५	१,७७		१,७७
		(ङ) सूचना तथा प्रसार–	१,६८	१,६८	१,८६		१,८६
		(च) पब्लिक वर्क्स–	१०	१०	१०		१०
		(छ) विविध–	२,७५	२,७५	२,७५		२,७५
१२	विविध		२१,८१	२२,८०	२२,२८	+ १५,५०	३७,७८
		(क) पासपोर्ट र भिसा–	३,८०	३,२९	२,७७		२,७७
		(ख) अभियान न्यायल्टी–		५०	५०		५०
		(ग) भारत सरकारबाट आउने–	१३,५०	१३,५०	१३,५०		१३,५०
		(घ) अरू फुटकर–	४,५१	५,५१	५,५१	+ १५,५०	२१,०१
		कूल जम्मा:–	३२,५९,७९	४०,०१,९४	४२,७९,६६	१,४३,००	४४,२२,६६
		☐ अन्तिम लेखापरीक्षण पूराभई नसकेको ।					

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।२७ को व्यय अनुमान
(साधारण बजेट)

रू. हजारमा

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०२४।२५ ★को यथार्थ	२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान
१ संवैधानिक अङ्गहरू	१	श्री ५ महाराजाधिराज तथा राजपरिवार	४९,५३	६०,५३	६४,०३
	२	राजसभा	१,४२	१,४०	१,९४
	३	राष्ट्रिय पञ्चायत	१७,३०	२०,६१	२०,०९
	४	महालेखा परीक्षकको विभाग	६,९७	११,००	१४,५५
	५	सर्वोच्च अदालत	६,९२	७,८५	११,६२
	६	लोक सेवा आयोग	५,०८	७,६३	८,९८
	७	निर्वाचन आयोग	५,४२	५,६०	९,९४
२ साधारण प्रशासन	८	मन्त्रिपरिषद्	९,१८	९,००	१०,५५
	९	श्री ५ को सरकारको सचिवालय	४९,५१	४३,८०	५१,५४
	१०	जिल्ला प्रशासन	४१,७१	४५,००	४९,३२
	११	प्रहरी	२,११,१५	२,४५,३०	२,७०,७९
	१२	कारागार	३१,९४	३३,६०	३५,३२
	१३	विविध	२७,०९	११,६६	२५,५६
३ आयकर प्रशासन	१४	मालपोत	५५,४५	८६,७३	१,००,६१
	१५	भन्सार	३०,९७	४४,३६	५६,५०
	१६	अन्तःशुल्क	६,८५	११,००	१३,६०
	१७	कर	८,२५	९,५१	१३,७३
	१८	आय र कर अदालत	१,११	१,१२	१,४४
४ आर्थिक प्रशासन र योजना	१९	तथ्यांक	१,२७	१,२३	१,७४
	२०	सर्भे (नापी)	१,२६	१,५०	१,५९
	२१	टक्सार	५,११	११,०३	१०,५८
	२२	ए.ज.को कार्यालय (महालेखा पाल)	७,२५	९,६२	११,४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५ न्याय प्रशासन	२३	अदालत	३६,५९	४१,८१	४७,९२
	२४	महान्यायाधिवक्ताको कार्यालय	९१	९७	१,५५
६ देशिक सेवा	२५	वैदेशिक	९४,९१	९१,५०	१,०९,१५
	२६	विविध	२३,९४	३३,०७	३४,५५
७ सामाजिक सेवाहरू	२७	शिक्षा	१,३९,३२	१,४५,२०	१,७१,०३
	२८	स्वास्थ्य	७८,४८	९१,३८	१,२६,५८
	२९	सूचना तथा प्रचार	२४,२२	२४,२३	३२,८८
	३०	पञ्चायत	२३,५२	३३,००	३१,९३
८ आर्थिक सेवाहरू	३१	कृषि	७,६७	९,०३	१०,५९
	३२	वन	३६,५८	४१,६६	५२,६०
	३३	उद्योग तथा वाणिज्य	५,९३	६,५२	१३,९५
	३४	सञ्चार	६१,७४	७०,०९	८१,०३
	३५	यातायात	३०,०२	२४,५९	२४,७६
	३६	बिजुली	१,८०	२,१८	७,१५
	३७	निर्माण	७७,२७	७८,९१	१,०७,१६
	३८	लगानी ऋण तथा ब्याज	३४,०३	५९,०७	७०,६१
९ रक्षा	३९	रक्षा	४,४०,५९	४,७२,८२	५,००,५५
१० विविध	४०	विशिष्टव्यक्ति तथा प्रतिनिधिमण्डलको भ्रमणखर्च	२०,३२	१४,८१	२७,००
	४१	निवृत्तभरण, भत्ता तथा उपदान	४१,६२	४२,५०	५५,००
	४२	अतिथि सत्कार	९०	१,९१	२,००
	४३	आकस्मिक सहायता चन्दा र पुरस्कार	५९	१,८५	१,००
	४४	पुनः मतदान	८	×	१,००
	४५	मुआब्जा	२,५०	७५	१,००
	४६	अन्य आकस्मिक खर्च	×	×	१,००
	४७	भैपरी आउने	४३,६२	४८,०७	३०,००
			१८,०७,८९	२०,१५,००	२३,२७,५०

★ अन्तिम लेखापरीक्षण पूरा भई नसकेको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२६।२७ को व्यय अनुमान
(विकास बजेट)

रू. हजारमा

मुख्य शीर्षक	अनुदान संख्या	शीर्षक	२०२४।२५ को यथार्थ	२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान
४	१	तथ्याङ्क	१५,४०	१६,५६	१६,०७
आर्थिक	२	सर्भे (नापी)	५२,३०	६६,११	७९,९३
प्रशासन र	३	बजेट तथा ए. ता. योजना	२,२६	१,७१	२,३०
योजना					
७	४	शिक्षा	१,८८,५४	२,१३,०१	३,३८,४७
सामाजिक	५	स्वास्थ्य	१,५५,०२	२,०९,४२	२,६८,१५
सेवाहरू	६	सूचना तथा प्रसार	९,६२	१२,९९	१७,९७
	७	पञ्चायत	१,४२,६७	१,३५,७०	२,६८,०२
८	८	कृषि	२,२६,६०	२,१९,८७	५,३३,७५
आर्थिक	९	वन	४५,०२	७१,५९	१,१९,८६
सेवाहरू	१०	उद्योग तथा वाणिज्य	१,४७,०५	१,३३,७७	२,१०,७९
	११	सञ्चार			
		(क) हुलाक	२३,६४	२०,८९	३२,४९
		(ख) दूर सञ्चार	२७,४९	५०,४०	१,२४,९२
	१२	यातायात			
		(क) हवाई	१५,२८	२९,९२	३,५३,७९
		(ख) रोपवे र रेल्वे	×	×	२१,००
	१३	बिजुली			
		(क) बिजुली	२,५९,५९	२,४३,३५	५,४६,६२
		(ख) जमीन मुनि पानीको सर्वेक्षण	×	१७,३६	३५,००
	१४	निर्माण			
		(क) सडक	९,२९,६१	१४,९७,०८	२१,५६,८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		(ख) पुल	३८,४३	३६,१२	२७,००
		(ग) भवन	१,०१,४५	१,१५,८४	२,११,५३
		(घ) सिंचाई	१,८७,५३	२,६६,२८	२,५१,१०
		(ङ) नदी नियन्त्रण	८५	१,००	३,००
		(च) खानेपानी	३५,१०	२१,००	५७,९७
	१५	लगानी ऋण तथा ब्याज			
		(क) ऋण भुक्तानी	३४,६७	२,६३,७८	१,५९,५७
		(ख) लगानी र कर्जा	७,२५	१,११,२२	४६,०२
	१६	इञ्जिनीयरिङ्ग	५,३०	५,२९	६,६०
१०	१७	पुनः मतदान	४,८९	५,००	३,००
विविध	१८	भैपरी आउने	४१,६५	३८,५९	५९,५०
	१९	योजना	७,४८	४,४४	१३,८५
	२०	प्रशासन सुधार	३,७८	४,९१	८,३३
	२१	भूमिसुधार	१,०१,३५	१,०८,०४	१,०६,६५
	२२	मेट्रिक नाप तोल आयोजना	२,०१	१,०२	२,०२
			२८,११,८३	३९,२२,२६	६०,८२,०९

● अन्तिम लेखापरीक्षण पूरा भई नसकेको ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्ष २०२६।२७ को विकास बजेटको खर्च व्यहोर्ने श्रोतको विवरण ।

रू. हजारमा

अनुदान संख्या	शीर्षकको नाम	०२६।२७ को अनुमान	श्री ५ को सरकार	भारत	चीन	अमेरिका	बृटेन	रूस	अन्य	
१	तथ्याङ्क	१६,०७	१६,०७							
२	सर्भे (नापी)	७९,९३	७९,९३							
३	बजेट तथा ए.ता.यो.	२,३०	२,३०							
४	शिक्षा	३,३८,४७	२,२५,४६	३२,३१		६०,९५	१६,७५		३,००	युनिसेफ २,०० साटा १,००
५	स्वास्थ्य	२,६८,१५	१,२५,१७			१,३७,१५			५,८३	डब्लू.एच.ओ. ५,०० साटा ८३
६	सूचना तथा प्रसार	१७,९७	१७,९७							
७	पञ्चायत	२,६८,०२	१,०५,८७	९०,००		७०,७२			१,४३	साटा
८	कृषि	५,३३,७५	३,४९,४३	११,६८		१,४४,२१			२८,४३	जर्मनी २७,५३ साटा ९०
९	वन	१,१९,८६	१,१८,३६			१,००			५०	साटा
१०	उद्योग तथा वाणिज्य	२,१०,७९	१,७३,७९	३७,००						
११	सञ्चार									
	(क) हुलाक	३२,४९	३२,४९							
	(ख) दूर संचार	१,२४,९२	१७,६२	८४,३३		६,१४			१६,८३	विश्व बैंक
१२	यातायात									
	(क) हवाई	३,५३,७९	२,९८,२८			५५,५१				
	(ख) रोपवे र रेल्वे	२१,००	२१,००							

आधिकारिकता प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३	विद्युत्									
	(क) विद्युत्	५,४६,६२	१,४४,६९	४८,६०	३,०१,७०	५१,६३				
	(ख) जमीन मुनी पानीको सर्भेक्षण	३५,००	५,००			३०,००				
१४	निर्माण									
	(क) सडक	२१,५६,८२	१,८४,६३	११६६९४	४,६५,००	९५,२५	२,००,००	४५००		
	(ख) पुल	२७,००	१५,७६			११,२४				
	(ग) भवन	२,११,५३	१,९०,५३	१७,००					४,००	फोर्ड फाउण्डेशन
	(घ) सिंचाई	२,५१,१०	१,०१,८०	१,४९,३०						
	(ङ) नदी नियन्त्रण	३,००	३,००							
	(च) खानेपानी	५७,९७	५६,६२	१,३५						
१५	लगानी ऋण तथा ब्याज									
	(क) ऋण भुक्तानी	१,५९,५७	१,५९,५७							
	(ख) लगानी र कर्जा	४६,०२	४६,०२							
१६	जितीयरिङ्ग	६,६०	६,६०							
१७	पुनः मतदान	३,००	३,००							
१८	भैपरी आउने	५९,५०	३५,००	२४,५०						
१९	योजना	१३,८५	१३,८५							
२०	प्रशासन सुधार	८,३३	५,६६							
२१	भूमिसुधार	१,०६,६५	१,०६,६५			२,६७				
२२	मेट्रिक नाप तौल आयोजना	२,०२	२,०२							
		६०,८२,०९	२६,६४,१४	१६६३०१	७,६६,७०	६,६६,४७	१,१६,७५	४५,००	६०,०२	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवर्त्य विदेशी विनिमयको आय-व्यय विवरण

रू. करोडमा

क्र. सं.	शीर्षक	२०२४।२५ को ❋ यथार्थ	२०२५।२६ को संशोधित अनुमान	२०२६।२७ को अनुमान
	आय	२२,३०	२४,८८	२१,६०
१.	अदृश्य १)	६,६४	७,२९	७,९०
२.	मालसामानको निर्यात	९,५०	१३,३८	१०,००
३.	विदेशी नि ोगहरू	४४	६५	७०
४.	विदेशी सहायता	३,७६	१५	१,००
५.	विविध	१,९६	३,४१	२,००
	व्यय	१२,२६	१०,८४	२३,५२
१.	अदृश्य २)	२७	६४	३९
२.	मालसामानको आयात	२,६४	१,७८	१३,२२
३.	कूट ैतिक नियोगहरू	१,१२	१,३७	१,६८
४.	विविध ३)	८,२३	७,०५	८,२३
	बचत वा घाटा (+) (-)	+१०,०४	+१४,०४	-१,९२

१) निवृत्तभरण तथा तलब, पर्यटन र लगानीको ब्याज समेत
२) अदृश्य आयात र ऋण भुक्तानी समेत
४) निर्यात बोनस समेत ।
❋ अन्तिम लेखापरीक्षण पूरा भई नसकेको ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

927
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।